आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

चलानी.नं. १६९
पत्र संख्या : २०८०/०८१

मिति: २०८०/१२/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

**बिषय :- आठौं वार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. संचालक समितिको मिति २०८०/१२/०७ गते अपरान्ह ५:०० बजे बसेको १४४औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा मिति २०८० साल चैत्र ३० गते शुक्रबार तदनुसार १२ अप्रिल, २०२४ का दिन बिहान ११:०० बजे बनेपा पार्टी भेन्यु, बनेपा- ८, काभ्रेपलाञ्चोकमा बोलाउने तथा बार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर धनी दर्ता किताब मिति २०८०/१२/२१ गते एक दिनका लागि बन्द गर्ने निर्णय भएको ब्यहोरा जानकारीका लागि अनुरोध गर्दछु।

साथै सो वार्षिक साधारण सभामा पेश गरिने प्रस्तावहरु सहित संचालक समितिको निर्णय उतार समेत यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

संलग्न
संचालक समितिको निर्णय उतार थान –१

भवदीय

शिवप्रसाद ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत

**संचालक समितिको मिति २०८०/१२/०७ गते अपरान्ह ५:०० बजे बसेको १४४ औं बैठकको निर्णय नं. २ र ४ को निर्णय उतार**

**निर्णय नं. २.**

**आठौं वार्षिक साधारण सभा आयोजनाको लागि मिति, समय, स्थान र सामान्य तथा विशेष प्रस्तावहरुको सूची तय गर्ने सम्वन्धमा ।**

विषयसूची २ अन्तर्गत प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री शिव प्रसाद ज्ञवालीबाट आठौं वार्षिक साधारण सभा आयोजना को लागि तपशिल वमोजिम मिति, समय, स्थान र सामान्य तथा विशेष प्रस्तावहरु सम्वन्धमा छलफलका लागि बैठकलाई जानकारी प्राप्त भयो । तत्पश्चात यस सम्बन्धमा विस्तृत रुपमा छलफल भई देहाय वमोजिमको मिति, समय, स्थान र साधारण सभामा शेयरधनी महानुभावहरु समक्ष निर्णयार्थ पेश गर्ने सामान्य तथा विशेष प्रस्तावहरु उपर छलफल गरी वैठकले निर्णय गऱ्यो ।

**सभा हुने मिति, समय र स्थान**

मिति: २०८०/१२/३० गते शुक्रवार (तदनुसार १२ अप्रिल, २०२४)
समय: बिहान ११.०० बजे,
स्थान: बनेपा पार्टी भेन्यु, बनेपा- ८, काभ्रेपलाञ्चोक ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**क) सामान्य प्रस्तावहरु**

१) साधारण सभामा अध्यक्ष्यज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात र आ.व.२०७९/०८० को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३) लेखापरीक्षण समितिको सिफारिश वमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**ख) विशेष प्रस्तावहरु**

१. भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने/हुने प्रयोजनका लागि आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न सञ्चालक समितिलाई वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**ग) विविध ।**

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

**निर्णय नं. ४.**

**आठौं बार्षिक साधारण सभाको प्रयोजन लागि शेयरधनी दर्ता किताब बन्द गर्ने सम्बन्धमा । :**

विषयसूची ४ अन्तर्गत छलफल गर्दा आठौं बार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको शेयर धनी दर्ता किताब मिति २०८०/१२/२१ गते एक दिनका लागि बन्द गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/१२/२० सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने सम्वन्धमा शेयरधनीहरुलाई जानकारी गराउने बैठकले निर्णय गऱ्यो ।

निर्णय उतार प्रमाणित गर्ने

..........................
शिव प्रसाद ज्ञवाली
कम्पनी सचिव

केन्द्रीय कार्यालय: बनेपा-१०, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६४५७९,६६१००८
E-mail: aarambhachautari@gmail.com, Website: www.aarambhachautari.com